बैठक-४२

आज मिति २०७६/०८/२४ गते साझ ४ वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| 1. | राधेश्याम चौधरी | अध्यक्ष | [signature] |
| 2. | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | [signature] |
| 3. | भेषनारायण चौधरी | सदस्य | [signature] |
| 4. | शम्भु प्रसाद चौधरी | सदस्य | [signature] |
| 5. | अणेन्द्रनाथ राय | सदस्य | [signature] |
| 6. | छोटेलाल यादव | सदस्य | —— |
| 7. | दिनेश सहानी केवट | " | [signature] |
| 8. | कैलास यादव | " | [signature] |
| 9. | हयात खाँ धुनिया | " वडा अध्यक्ष | [signature] |
| 10. | छिमादेबी चौधरी | " | [signature] |
| 11. | चन्दादेवी चौधरी | " | [signature] |
| 12. | जन्त्री केवटिन | " | जन्त्री |
| 13. | विन्दादेनी धोवी | " | बिन्दा |
| 14. | जोखु प्रसाद कहार | " | [signature] |
| 15. | श्री सुनिता हरिजन | " | सुनिता |
| 16. | श्री झविश्वर रेग्मी | " | —— |
| 17. | नारायण पाण्डेय | आमन्त्रित | [signature] |
| 18. | तुल्सी प्रसाद अधिकारी | " | [signature] |
| 19. | नरेश कोहार | " | [signature] |
| 20. | राजन वस्याल | " | [signature] |
| 21. | सुर्यनारायण यादव | प्र.प्र.अधिकृत | [signature] |
| 22. | हेमन्त कुमार चौधरी | इन्जिनीयर | [signature] |
| 23. | देशकान्त वस्याल | अधिकृत छैठौं | [signature] |
| २४ | टंकनाथ ज्ञवाली | | [signature] |

# प्रस्ताव एवं निर्णय

प्रस्ताव नं. १ - रोजगार संयोजकको पदपुर्ती समितिलाई पुर्णता दिने सम्वन्धमा

निर्णय नं. १ - प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सरावल गाउपालिकामा रिक्त रहेको रोजगार सेवा केन्द्रको रोजगार संयोजकको अस्थायी दरवन्दीको पदमा करारमा पदपुर्तीको लागी रोजगार संयोजकको पदपुर्ती र सेवसुविधा सम्वन्धी मापदण्ड-२०७६ वमोजिम पदपुर्ती समितिमा संयोजकको रुपमा जिल्ला समन्वय अधिकारीलाई तोक्ने एवं विषयविज्ञको रुपमा यसै कार्यालयमा कार्यरत कर्मचारीलाई खटाउन एवं आवश्यकता अनुसार विज्ञ आमन्त्रण गरी छनौट प्रकृयालाई निष्पक्ष गर्न प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मेवारी एवं निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ - प्रधानमन्त्री रोजगार कार्यक्रमको लागी कार्यक्रम छनौट सम्वन्धमा

निर्णय नं. २ - प्रस्ताव नं. २ उपर छलफल गर्दा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमवाट आ.व २०७६/०७७ मा यस सरावल गा.पा मा सञ्चालन हुने कार्यक्रम माग भई आएकोमा सोको लागी तपशिल वमोजिमको आयोजना स्विकृत गरी माग गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | अनुमानित लागत रकम रु. |
|---|---|---|
| १ | विद्यालयको मर्मत संभार एवं रंगरोगन गर्ने कार्य सरावल वडा नं. १,२,३ | २५ लाख |
| २ | विद्यालय मर्मत संभार एवं रंगरोगन गर्ने कार्य सरावल वडा नं. ४,५,६,७ | २५ लाख |